**प्रेस विज्ञप्ति**

## ४५औं विश्व पर्यटन दिवसको सन्दर्भमा नाट्टाले गऱ्यो वृक्षारोपण

मिति २०८१ भाद्र २९ गते, काठमाडौं,

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले ४५औं विश्व पर्यटन दिवसको अवसरलाई मध्यनजर गर्दै वातावरण संरक्षण र कार्बन उत्सर्जनमा कमी ल्याउन वृक्षारोपण कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रम गोकर्णेश्वर नगरपालिका, राष्ट्रिय शहीद शान्ति पार्कमा सम्पन्न भएको हो ।

वृक्षारोपण कार्यक्रममा नेपाल पर्यटन बोर्डका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्री दीपक राज जोशीज्यू, नाट्टाका पूर्व अध्यक्षज्यूहरू, वर्तमान कार्य समितिका अध्यक्षज्यू, पदाधिकारीज्यूहरू, सदस्यज्यूहरू, नाट्टा सचिवालय टोली, नाट्टा सदस्य महानुभावहरू, रोटरी पाटन साउथका अध्यक्षज्यू स्मारक संरक्षण समितिका अध्यक्षज्यू र अन्य आमन्त्रित व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले विभिन्न प्रजातिका बिरुवाहरू रोपेका थिए, जसले पुनः वनस्पतिकरण प्रयासहरूलाई टेवा पुऱ्याउने र जैविक विविधता प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ । नाट्टाका अध्यक्ष श्री कुमार मणी थपलियाज्यूले यस पहलले दिगो पर्यटन अभ्यासलाई प्रोत्साहन गर्नुका साथै विश्व पर्यटन दिवसको अवसरमा, पर्यटनले वातावरणीय संरक्षणमा खेल्ने भूमिकालाई मान्यता स्थापित गर्न सहयोग गर्नेमा आफु विश्वस्त रहेको बताउनु भएको थियो ।

यस्तै पर्यटन बोर्डका कार्यकारी प्रमुख श्री दीपक राज जोशीज्यू वृक्षारोपण वातावरण संरक्षणका लागी आफैमा एउटा महान कार्य रहेको र नाट्टाले आयोजना गरेको यस कार्यमा सहभागी हुन पाउँदा आफु अत्यन्त खुशी भएको बताउनु भयो । पर्यटन क्षेत्रमा देशकै अग्रणी संस्था संग सधैं साथ सहयोग र सहकार्यको नीति अवलम्बन गर्दै मुलुकको पर्यटन विकास, वातावरण संरक्षण एवं सामाजिक सेवामा अमुल्य योगदान प्रदान गरेकोमा आयोजक तथा सहभागीहरु सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

नाट्टाले यस कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सहभागीहरु, सहयोगीहरू, प्रायोजकहरू र साझेदारहरूलाई धन्यवाद ज्ञापन गर्दछ । यस वृक्षारोपण कार्यक्रमको आयोजना नाट्टाले पाटन रोटरी साउथको सहकार्यमा गरेको हो ।संघले भविष्यमा पनि यस्ता वातावरण संरक्षण सम्बन्धि कार्यक्रमहरूको आयोजना गर्ने प्रतिबद्धता जनाएको छ, जसले वातावरण र पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने लक्ष्य राखेको छ ।

**विस्तृत जानकारीका लागी:**
**नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)**
ठेगाना: गोमा गणेश, गैह्रिधारा, नक्साल, काठमाडौं, नेपाल
फोन: +९७७-१-४५१८६६१, ४५१९४०९, ४५१९६१६
ईमेल: admin@natta.org.np, ceo@natta.org.np, secretarygeneral@natta.org.np